उपत्यकाका ५७३ मध्ये ९४ ढुङ्गेधारा लोप

nepalnews.com/life-arts/18315-2020-02-29-00-48-40

काठमाडौं उपत्यकाका ढुङ्गेधाराको अवस्था

(महा/उप-) नगरपालिका	पहिचान गरिएका ढुङ्गेधाराको सङ्ख्या	हराएका ढुङ्गेधारा	पानी बहने
काठमाडौं	१७९	५२	४०
कीर्तिपुर	१२	२	६
गोदावरी	२५	०	२२
चन्द्रागिरि	४७	२	१४
टोखा	१४	२	९
भक्तपुर	९१	०	१४
मध्यपुर थिमी	८५	२६	३८
महालक्ष्मी	१०	०	१०
ललितपुर	८०	८	३०
शङ्खरापुर	३०	२	१९
जम्मा	५७३	९४	२०२

काठमाडौँ उपत्यकाका १० वटा नगरपालिकामा गरिएको एक अध्ययनले ५७३ वटा ढुङ्गेधारा भएको देखाउँछ। तर त्यसमध्ये हाल २०२ मात्र सञ्चालनमा छन् भने ९४ वटा ढुङ्गेधारा हराइसकेका छन्।

खानेपानी मन्त्रालयअन्तर्गत काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डले दुई वर्ष लगाएर गरेको एक अध्ययनले यस्तो तथ्याङ्क देखाएको हो।

यसअघि सहरी खानेपानी तथा सरसफाइका लागि गैरसरकारी संस्था मञ्चले सन् २००४ मा यसरी ढुङ्गेधाराहरूको एक अध्ययन गरेको थियो। तत्कालीन पाँचवटा नगरपालिकामा गरिएको उक्त अध्ययनले जम्मा ३८९ वटा ढुङ्गेधारा पहिचान गरेको थियो।

बोर्डको अध्ययनले नयाँ व्यवस्थाअनुसारको १० वटा नगरपालिका समेटेको छ। काठमाडौँ उपत्यकाका सबै नगरपालिका भने उक्त अध्ययनले समेटेको छैन। ती नगरपालिका पनि जोड्दा जम्मा सङ्ख्या भने अझ बढ्नेछ।

तर यहाँ १० वटा नगरपालिकाको तथ्याङ्क प्रस्तुत गरिएको छ। अध्ययनले भन्छ, 'जम्मा ५७३ ढुङ्गेधारामध्ये ९४ पूर्णतः हराइसकेको छ। यसमध्ये पनि ५२ वटा स्थलगत अध्ययनका क्रममा भेटिएको थियो भने पुरानो अध्ययनलेबाँकी ४२ वटाको नाम-निशानसमेत हराइसकेको छ।'

काठमाडौँ महानगरपालिका – उपत्यकाभर सर्वाधिक ढुङ्गेधाराको सङ्ख्या काठमाडौँ महानगरपालिकामा पहिचान गरिएको छ। यहाँ जम्मा १७९ ढुङ्गेधारा पहिचान गरिएको छ, यसमध्ये ५२ वटा ढुङ्गेधारा हराइसकेको छ। यो सङ्ख्या पनि सर्वाधिक नै हो। बाँकी रहेको १२७ मध्ये ७९ वटा ढुङ्गेधारा सुकिसकेको छ, ८ वटामा थोपा-थोपाजसो मात्र पानी आउँछ भने मात्र ४० वटामा राम्रोसँग पानी आउँछ। संरचनागत हिसाबले ७७ वटा ढुङ्गेधारा राम्रो अवस्थामा, ४७ ठिकै अवस्थामा र ३ वटा नराम्रो अवस्थामा रहेका छन्।

कीर्तिपुर नगरपालिका – कीर्तिपुरमा १२ वटा ढुङ्गेधारा पहिचान गरिएको छ। यसमध्ये २ वटा ढुङ्गेधारा हराइसकेको छ भने मात्र १० वटा हाल भेटिएको छ। तीमध्ये ४ वटा ढुङ्गेधारा सुकिसकेको छ भने बाँकी ६ वटामा पानी आउने गर्छ। संरचनागत हिसाबले हेर्ने हो भने जम्मा १ वटाको अवस्था राम्रो छ भने बाँकी ९ वटाको अवस्था ठिकै मात्र रहेको अध्ययनले देखाउँछ।

गोदावरी नगरपालिका – गोदावरी नगरपालिकामा २५ वटा ढुङ्गेधारा पहिचान भएको छ र यहाँ कुनै पनि ढुङ्गेधारा हराएको भने छैन। त्यसमध्ये ३ वटा ढुङ्गेधारा चाहिँ सुकिसकेको छ र २२ वटामा पानी आउने गर्छ। संरचनागत हिसाबले हेर्ने हो भने मात्र २ वटा ढुङ्गेधाराको अवस्था राम्रो छ र २३ वटाको अवस्था ठिकै मात्र छ।

चन्द्रागिरि नगरपालिका – चन्द्रागिरिमा ४७ वटा ढुङ्गेधारा पहिचान गरिएकोमा २ वटा हराइसकेको छ। बाँकी ४५ वटामध्ये २८ वटा ढुङ्गेधारा सुकिसकेको छ, ३ वटामा थोपा-थोपा गरी पानी आउँछ र १४ वटा मात्रमा पानी बहने गर्छ। संरचनागत हिसाबले मात्र २ वटा ढुङ्गेधाराको अवस्था राम्रो छ, ३३ वटाको अवस्था ठिकै मात्र छ भने १० वटा ढुङ्गेधाराको अवस्था नराम्रो रहेको छ।

टोखा नगरपालिका – टोखामा १४ वटा ढुङ्गेधारा पहिचान भएको छ, जसमध्ये २ वटा ढुङ्गेधारा हराइसकेको छ। बाँकी १२ वटामध्ये २ वटा ढुङ्गेधारा सुकिसकेको छ, १ वटामा पानी थोपा-थोपा गरी आउँछ भने ९ वटामा पानी बहने गर्छ। संरचनागत हिसाबले हेर्दा मात्र २ वटा ढुङ्गेधाराको अवस्था राम्रो छ, ८ वटाको अवस्था ठिकै मात्र छ र २ वटाको अवस्था नराम्रो छ।

भक्तपुर नगरपालिका – प्राचीन नगर भक्तपुरमा जम्मा ९२ वटा ढुङ्गेधारा पहिचान भएको छ र सबै ढुङ्गेधारा विद्यमान छ। तर त्यसमध्ये ७३ वटा ढुङ्गेधारा सुकिसकेको छ र मात्र १४ वटामा पानी आउँछ। ४ वटामा भने पानी थोपा-थोपा गरी मात्र आउँछ। संरचनागत हिसाबले हेर्ने हो भने ५९ वटा ढुङ्गेधाराको अवस्था राम्रो छ, ५ वटाको अवस्था ठिकै मात्र छ र २७ वटाको अवस्था नराम्रो छ।

मध्यपुर थिमी नगरपालिका – मध्यपुर थिमी नगरपालिकामा जम्मा ८५ वटा ढुङ्गेधारा पहिचान भएको छ, जसमध्ये २६ वटा ढुङ्गेधारा हराइसकेको छ। बाँकी ५९ मध्ये १६ वटा ढुङ्गेधारामा पानी सुकिसकेको छ, ५ वटामा थोपा-थोपा गरी मात्र पानी आउँछ र ३८ वटामा पानी आउँछ। संरचनागत हिसाबले ९ वटा ढुङ्गेधाराको अवस्था राम्रो छ, ३३ वटाको अवस्था ठिकै मात्र छ र १७ वटाको अवस्था नराम्रो छ।

महालक्ष्मी नगरपालिका – महालक्ष्मी नगरपालिकामा जम्मा १० वटा ढुङ्गेधारा पहिचान भएको छ र सबै ढुङ्गेधारा विद्यमान छ। तर त्यसमध्ये २ वटा ढुङ्गेधारा सुकिसकेको छ र मात्र ८ वटामा पानी आउँछ। संरचनागत हिसाबमा ९ वटा ढुङ्गेधाराको अवस्था ठिकै मात्र छ र १ वटाको अवस्था नराम्रो छ।

ललितपुर महानगरपालिका – ललितपुरमा जम्मा ८० वटा ढुङ्गेधारा पहिचान भएको छ, जसमध्ये ८ वटा ढुङ्गेधारा हराइसकेको छ। बाँकी ७२ वटामध्ये ४१ वटा ढुङ्गेधारामा पानी सुकिसकेको छ, १ वटामा थोपा-थोपा गरी मात्र पानी आउँछ र ३० वटामा पानी आउँछ। संरचनागत हिसाबले २३ वटा ढुङ्गेधाराको अवस्था राम्रो छ, २९ वटाको अवस्था ठिकै मात्र छ र २० वटाको अवस्था नराम्रो छ।

शङ्खरापुर नगरपालिका – शङ्खरापुरमा जम्मा ३० वटा ढुङ्गेधारा पहिचान भएको छ, जसमध्ये २ वटा ढुङ्गेधारा हराइसकेको छ। बाँकी २८ वटामध्ये ७ वटा ढुङ्गेधारा सुकिसकेको छ, २ वटामा थोपा-थोपा गरी मात्र पानी आउँछ र १९ वटामा पानी आउँछ। संरचनागत हिसाबमा ३ वटा ढुङ्गेधाराको अवस्था राम्रो, २१ वटाको ठिकै मात्र र ४ वटाको अवस्था नराम्रो छ।

काठमाडौं उपत्यकाका ढुङ्गेधाराको अवस्था

(महा/उप-)नगरपालिका	पहिचान गरिएका ढुङ्गेधाराको सङ्ख्या	हराएका ढुङ्गेधारा	पानी बहने
काठमाडौं	१७९	५२	४०
कीर्तिपुर	१२	२	६
गोदावरी	२५	०	२२
चन्द्रागिरि	४७	२	१४
टोखा	१४	२	९
भक्तपुर	९१	०	१४
मध्यपुर थिमी	८५	२६	३८
महालक्ष्मी	१०	०	१०
ललितपुर	८०	८	३०
शङ्खरापुर	३०	२	१९
जम्मा	५७३	९४	२०२